निर्णयहरूः-

१. श्री गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ५५२, २०७८-१०-२५ को पत्र र श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौडाको च.नं. ७२९, मिति २०७८-११-०४ को पत्र समेतबाट संवत् २०७८ साल फागुन ६, ७ र ८ गते तीन दिनसम्म हर्षोल्लासकापूर्वक राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने व्यवस्था मिलाउनु हुन भनी लेखि आएको सन्दर्भमा जिल्लाभित्र राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा देहायबमोजिम गर्ने, गराउने ।

क. सबै कार्यालयहरूको आ-आफ्नो कार्यालय एवं कार्यालय परिसरको सरसफाई गर्ने ।

ख. जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा राष्ट्रिय झण्डा फहराउने ।

ग. फागुन ६, ७ र ८ गते साँझ जिल्लास्थित सबै सरकारी कार्यालय तथा सर्वजनिक संस्थानहरूले दिपावली गर्ने ।

घ. मिति २०७८-११-०७ गते विहान ८:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडामा प्रदेश प्रमुख, मूलसमारोह समितिका पदाधिकारी एवं सदस्यहरू सहितको उपस्थितिमा हुने मञ्चको संक्षिप्त कार्यक्रममा सबै कार्यालय प्रमुखहरू उपस्थित हुने ।

२. श्री गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १००५, मिति २०७८-१०-२५ को पत्रबाट जिल्लास्थित कार्यालयहरूका कर्मचारीहरूलाई अत्यावश्यक अवस्थामा बाहेक बिदा नछोड्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ भनी लेखि आएको हुँदा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका कार्यालय प्रमुखहरू अत्यावश्यक काम बाहेक बिदा/काजमा नबस्ने तथा जिल्ला नछोड्ने र कार्यालयका कर्मचारीहरूलाई समेत अत्यावश्यक अवस्थामा बाहेक बिदा/काज नछोड्ने व्यवस्था मिलाउने।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी